# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## धैबुङ्ग, रसुवा

प.सं :०७४/७५

च.नं.:

### सूचना प्रविधि अधिकृतको करार सेवामा आवेदन दिने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति :-२०७४/०८/२४

प्रस्तुत विषयमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाईको मिति २०७४।०७।१७ को प.सं. ०७४।७५ च.नं. १२७ को पत्रानुसार यस कालिका गाउपालिका, गाउँ कार्यपालिकाको लागि सूचना प्रविधि अधिकृतको करार सेवाका लागि आवेदन आव्हानको १५ दिने सूचना निम्न योग्यता भएका सम्बन्धित नेपाली नागरीकहरु सवैको लागि जारी गरिएको छ ।

नोटः-

१. योग्यताः- सूचना प्रविधि अधिकृतको शैक्षिक योग्यता लोक सेवा आयोगले लिने अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संसथाबाट Computer वा Information and Communication Technologoes वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक( BIT, BIM, BBIS, BCA, BCTS, BEIT, BBC, CCIT) गरेको हुनु पर्ने छ ।

२. कार्यशर्तः- सूचना प्रविधि अधिकृतको TOR संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम इकाई सिंहदरवार काठमाण्डौको वेव साईट www.lgcdp.gov.np मा उल्लेख भए बमोजिम हुनेछ ।

३. आवेदनसाथ पेश गर्नु पर्ने कागजाहरु :- इच्छुक उम्मेदवारले उल्लेखित मिति भित्रमा व्यक्तिगत विवरण नाागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु संलग्न गरी आवेदन दिन सकिने छ ।

४. आवेदन शुल्कः- रु. १,०००।(एक हजार) नेपाल बैक लिमिटिड धुन्चेशाखामा रहेको कालिका गाउपालिकाको संचित कोष खातामा जम्मा गरेको सक्कल भौचर आवेदनसाथ पेश गर्नु पर्ने छ ।

५.छनौटका आधारहरुः- उम्मेदवार छनौटको आधार देहायको सूचकको आधारमा गरिने छ ।

| सि.न. | छनौटका विषय | पूर्णाङक | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ३० | |
| २ | कार्य अनुभव(न्युनतम योग्यता प्राप्त भए पश्चात) | ४० | |
| ३ | उम्मेदवारको स्थायी ठेगाना | २० | |
| ४ | २ वर्षभन्दा माथि स्थानीय शासन तथा सामूदायिक विकास कार्यक्रममा ICT Volunter वा RRxpert वा अन्य कुनै सामूदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको | १० | |

६.तलब स्केलः- रु. ४०,०००।(चालिस हजार) स्थानिय भत्ता बाहेक ।

७.करार अवधिः- २०७५ साल असाढ मसान्तसम्म

८.अन्य विषयमा उम्मेदवार छनौट तथा सिफारिस समितिले तोके वमोजिम हुनेछ ।